महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

मिति:– २०७०।१२।७

च.नं.:–

विषय – **आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय,
दाङ्ग ।

१. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।५।३१ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।५।३१ मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा मिति २०७०।७।११ मा कार्यालयबाट प्राप्त जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित सो प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७. **कार्यालयका जिम्मेवार अधिकारी :**

| | | |
|---|---|---|
| कार्यालय प्रमुख – | स्थानीय विकास अधिकारी | श्री विष्णु प्रसाद पोखरेल |
| लेखा प्रमुख – | लेखा अधिकृत | श्री श्यामराज जोशी |

(विस्तृत विवरण अनुसूची–१ मा संलग्न छ)

८. **आय–व्यय सारांस**

(रकम रु.हजारमा)

| गतवर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| ८,८२,७१ | ३१,६५,७३ | ३,९३,९३ | ९,२३,९६ | ५३,६६,३३ | ३१,६५,७३ | १४,५१,४६ | ४६,१७,१९ | ७,४९,१४ |

९. **बेरुजूको व्यहोराहरुको अवस्था**

(रु.हजारमा)

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | पेश्की | | |
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | कर्मचारी | अन्य | जम्मा |
| ४१ | २० | ७५६१४ | ० | २ | ३१९२ | ४१ | १८ | ७२४२२ | २४६२ | २१५३२ | ४८४२८ | ३१ | ४८३९७ |

१०. **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.९ करोड ८१ लाख ४० हजारमा रु.५१ लाख ७३ हजार संपरीक्षण गरी लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको र रु.९ करोड २९ लाख ६७ हजार फछ्र्यौट हुन नसकेको स्थिति रहेको छ । साथै यो वर्षको मिति २०७०।५।३१ उपलब्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बाँकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

११. **बैंक हिसाव बिबरण –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व. का लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु.७,४९,१४,१२४।५० (स्रोत नखुलेको आम्दानि बाँधे पश्चातको मौज्दात) देखाएकोमा बैंक अनुसार निम्न खातामा रु १०८६६५५९५।१५ रहेको प्रस्तुत बैक प्रमाणहरुबाट देखिन्छ ।

कार्यालयले बढी बैंक मौज्दात देखिएको रु. ३,३७,५१,४७०।६५ को सम्बन्धमा ट्न्सफर भएको चेक आम्दनी गरि खर्च गरेको बैकले ट्न्सफर गरि नसकेको रु १५,००,०००।-, यूएनएफपिए को ड्राफ्ट आम्दानि जनाउन बाँकि रु ३१,४०,६४१।०१ र चेक साट्न बाँकी चेकको रु २,९१,१०,८२९।६४ देखाइ समायोजन हिसाब तयार गरी पेश गरेको छ ।

| सि.नं. | बैंक खाताहरू | २०७० आषाढमा बैंकले देखाएको विवरण | २०७० आषाढ मसान्तमा श्रेस्ताले देखाएको मौजदात | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग २-१/२७-५१-४७२४ | २४४४३०६१।७० | ०।०० | २४४४३०६१।७० | चेक साटन वांकि |
| २ | ग २-२/२७-५१-४७९० | ६८३३७५८।३० | २६२८१६९।५५ | ४२०५५८८।७५ | चेक साटन वांकि |
| ३ | ग २-२/२७-५१-४८७१ | ७१६५९०८।६५ | ७१६५९०८।६५ | ०।०० | |
| ४ | ग २-३/२७-५१-४८९७ | ११०१६७४।३६ | ७६३३२९।७४ | ३३८३४४।६२ | चेक साटन वांकि |
| ५ | ग ३-१/२७-५१-४९२८ | ८३४४७४७।२१ | ८३१४२२२।२१ | ३०५२५।०० | चेक ७०३४२८२५ र ६५ साटन वांकि |
| ६ | ग ४-३/२७-५१-४९७८ | १९६२२४२५।१५ | १९६२२४२५।१२ | ०।०० | |
| ७ | ग ४-४/२७-५१-४९९४ | २७१८०४८९।४५ | २५६८०४८९।५ | १५०००००।०० | बैक आदेश नं. ७९८ टान्सफर वांकि |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ग ४-५/२७-५१-५०१३ | ३१४०६४१।०१ | ०।०० | ३१४०६४१।०१ | दातृ संस्थावाट प्राप्त रकम आम्दानी गर्न वांकि |
| ९ | ग ४-६/२७-५१-५०३९ | ७१२९९३५।१९ | ७१२९९३५।१९ | ०।०० | |
| १० | ग ५-१/२७-५१-५०८९ | २१६३५९१।६५ | २१६३५९१।६५ | ०।०० | |
| ११ | ग ५-५/२७-५१-५१४४ | ११५९४६।२४ | ११५९४६।२४ | ०।०० | |
| १२ | ग ५-८/२७-५१-५१८६ | २५४४८४।५७ | १६११७५।०० | ९३३०९।५७ | चेक साटन वांकि |
| १३ | महिला घरेलु सिल्पकला | १००९३३१।६७ | १००९३३१।६७ | ०।०० | |
| १४ | महामारी रोग नियन्त्रण | १५९६००।०० | १५९६००।०० | ०।०० | |
| | जम्मा: | **१०,८६,६५,५९५।१५** | **७,४९,१४,१२४।५०** | **३,३७,५१,४७०।६५** | |

११. **प्रगति विवरण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० को उपनियम (१) मा जिल्ला विकास समितिले अनुसुची ७३ बमोजिम को ढाँचामा वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३६ मा स्थानीय निकाय बाट संञ्चालित कार्यक्रम वा आयोजना को वित्तिय एव भौतिक प्रगति प्रतिवेदन अनुसुची १७, १७.१, १७.२,१७.३, र १७.४ बमोजिमको ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सो ढाँचामा वित्तिय तथा भौतिक प्रगति विवरण तयार गरेको पाइएन । कार्यालयले वार्षिक प्रगति प्रतिवेदन तयार गरेको भएता पनी कार्यविधिले तोके बमोजिमको वित्तिय तथा भौतिक प्रगति दुवै देखिने गरि तयार गरेको छैन । बजेट खर्चको आधारमा वित्तिय प्रगति मात्र देखाएको छ । तोकिएको ढाँचामा भौतिक प्रगति विवरण तयार नगर्दा खर्चको तुलनामा भौतिक प्रगति यकिन गर्न सक्ने अवस्था रहेन कार्यालयले तेकेबमोजिम यथार्थ वित्तिय तथा भौतिक प्रगति विवरण तयार गर्नु पर्दछ । कार्यालयबाट पेश भएका वित्तिय प्रगति विवरण अनुसार निम्न कार्यक्रम तथा योजनामा ७५ प्रतिशत भन्दा न्यून तथा शुन्य प्रगति देखिएको छ । कार्यालयले लक्ष्य अनुसारको प्रगति हासिल गर्नेतर्फ ध्यान जानुपर्दछ ।

| सि.नं | कार्यक्रम/ आयोजना | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|
| १ | मधेसी मुस्लिम पिछडा वर्ग लक्षीत कार्यक्रम | ६६.६६ |
| २ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | ३३.३३ |
| ३ | आदीवासी जनजाती लक्षित कार्यक्रम | ६२.५ |
| ४ | बालबालकि लक्षित कार्यक्रम | ७१.४२ |
| ५ | सामाजिक विकास कार्यक्रम | ४५.७१ |
| ६ | आन्तरिक स्रोतका कार्यक्रम | ७२.९८ |

**कार्यालयको जवाफ :** आगामी वर्ष लक्ष्य अनुसार प्रगती हासिल गर्नेतर्फ पहल गरिने व्यहोरा उल्लेख गरेको छ ।

१२. **पारिश्रमिक कर –** आयकर ऐन २०५८ को दफा ८७ (१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरीने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुचि १ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्ने छ भन्ने व्यवस्था रहेकोमा यस कार्यालयमा रहेका निम्न्नुसारका कर्मचारीको रोजगारीबाट प्राप्त आयको गणना गरी करको कट्टी गरेको नदेखिएकोले सो कर रकम रु. २७,२७०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

| सि.नं | कर्मचारीको दर्जा, नाम थर | कट्टा गर्नुपर्ने पारिश्रमिक कर |
|---|---|---|
| १. | जिल्ला सहजकर्ता श्री हुकुम बहादुर वली | ३०५० |
| | **प्रविधिक कार्यालय तर्फ** | |
| २. | रा.प द्वितीय सिडिइ श्री सहदेव भण्डारी | १७९६ |
| ३. | रा.प तृतीय ई. श्री परशुराम बैदार | १७१२ |
| ४. | रा.प तृतीय ई. श्री दान प्रसाद श्रेष्ठ | ८४२८ |
| ५. | रा.प तृतीय श्री मुकुन्द प्रसाद भट्टराई | २२७१ |
| ६. | स.ई श्री दिपक खड्का | २४७३ |
| ७. | स.ई श्री चन्द्रबहादुर शाह | २४७४ |
| ८. | स.ई श्री मनोज चौधरी | ८४० |
| ९. | स.ई श्री हर्कराज जोशी | १६७६ |
| १०. | लेखापाल श्री तोरण प्रसाद घिमिरे | २५८ |
| ११. | लेखापाल श्री पुरुषेतम अधिकारी | २२९२ |

| | |
|---|---|
| **जम्मा:** | **२७२७०।-** |

**कार्यालयको जवाफ** : कर असूल गर्न बाँकी कर्मचारीबाट कर असूल गरी दाखिला गरी पेश गरिने कार्यालयको जवाफ रहेको छ ।

१२. **फिल्ड भत्ता भुक्तानी –** जिल्ला भित्रका योजना तथा कार्यक्रमको प्रविधिक मूल्यांकन गर्न खटिने प्रविधिक कर्मचारीहरुलाई नेपाल सरकार अर्थ मन्त्रालयले तोकेको दरमा फिल्डमा खटेको दिनको दैनिक हिसावले फिल्ड भत्ता दिनु पर्ने व्यवस्था भएकोमा कार्यालयले प्राविधिक कर्मचारीहरुलाई फिल्ड गएको दिनको आधारमा नभई मासिक भत्ताको रुपमा तलबको ४० प्रतिशत फिल्ड भत्ता भुक्तानी भएको रु.४,१३,०४०/- नियमित देखिएन ।

| सि.नं | पद | नाम थर | मासिक तलब स्केल | फिल्ड भत्ता दर (४० प्रतिशत तलब) | यस वर्ष भुक्तानी |
|---|---|---|---|---|---|
| १ | स.ई | श्री शिवकुमार शर्मा | १४४८० | ५७९२ | ६९५०४ |
| २ | स.ई | श्री दिनेशप्रसाद चौधरी | १४४८० | ५७९२ | ६९५०४ |
| ३ | स.ई | श्री चेतबहादुर बढाथोकी | १४४८० | ५७९२ | ६९५०४ |
| ४ | स.ई | श्री रामलाल चौधरी | १४४८० | ५७९२ | ६९५०४ |
| ५ | स.ई | श्री जीवराज गिरी | १४४८० | ५७९२ | ६९५०४ |
| ६ | अ.स.ई | रामकुमार आचार्य | १३६५० | ५४६० | ६५५२० |
| | | **जम्मा:** | **८६०५०/-** | **३४,४२०/-** | **४,१३,०४०/-** |

**कार्यालयको जवाफ :** जिल्ला परिषद्बाट निर्णय भए बमोजिम प्राविधिक कर्मचारीलाई ४०% फिल्ड भत्ता दिने निर्णय भए बमोजिम गत विगत वर्षहरुदेखि भत्ता प्रदान गरिदै आएको तर चालु आ.व.देखि उक्त भत्ता उपलव्ध नगराइएको कार्यालयको जवाफ रहेको छ ।

१३. **अनुगमन प्रभावकारी नभएको –** स्थानीयस्वायत्त शासन ऐन, २०५५ को दफा २१० मा सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गर्न तथा आयोजनाहरुको कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चनहरु समाधानका लागि आवश्यक निर्देशन दिन सम्बन्धित जिल्लाका सांसदको अध्यक्षतामा प्रत्येक वर्षको लागि वर्णनुक्रमानुसार एक सुपरिवेक्षण तथा अनुगमन समितिको गठन हुनेछ । समितिमा जिल्ला विकास समितिका सभापति, निजले तोकेको जिल्ला विकास समितिका सदस्य तथा सम्बन्धित कर्मचारीहरु समेत रहने छन् । उक्त समितिको बैठक सामान्यतया चार महिनामा एक पल्ट बस्ने र त्यसरी बसेको समितिको बैठकमा आयोजनाका लागि अनुमान गरिएका साधन, प्राप्त भएको साधन र गर्नुपर्ने कामको लेखाजोखा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा कार्यालयसंग छलफल हुंदा हाल समिति जनप्रतिनिधी विहिन भएको अवस्थाले गर्दा उक्त अुनगमन समितिको गठन र अनुगमन प्रभावकारी हुन नसकेको जवाफ प्राप्त भएको छ ।

**कार्यालयको जवाफ** : आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

१४. **धरौटी सम्बन्धमा –** गत वर्षको धरौटी मौज्दात रु. ५५,१६,४०८।१७ रहेको र यस वर्ष रु. ५२,५५,६६४।७५ थप भई रु.१,०७,७२,०७२।९२ रहेकोमा रु.२४,२०,६२०।७१ फिर्ता तथा रु.३७,२३०।- सदरस्यहा भई रु.८३,१४,२२२।२१ बांकी देखिएको छ । नामनामेशी नखुलेको बैङ्कमा आम्दानी देखिएको विगत वर्षको धरौटी रकम रु. ११,३६,४४९।२५ श्रोत तथा व्यक्ति नखुलेको भनी यस वर्ष आम्दानी जनाएको छ ।

**कार्यालयको जवाफ** : यस सम्बन्धमा कार्यालयको जवाफ प्राप्त भएको छैन ।

१५. **पेश्की जिम्मेवारी सम्बन्धमा –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावलीको नियम १९१ अनुसार पेश्की बांकी रकम जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । कार्यालयले गत वर्षको सम्मको जिम्मेवारी सरी आएको पेश्कीमा यस वर्ष कति फर्छ्यौट भई पुरानो पेश्की मध्ये कति बाँकि छ भन्ने विवरण तयार गरि राखेको देखिएन । कार्यालयलको सफ्टवेयरमा यस वर्षको अन्त्य सम्म कोष तर्फ गत वर्ष सम्मको रु २,६७,४६,०८२।०९ र केन्द्र तर्फ रु ३,९५,२२,६२८।- गरी कुल रु ६,६२,६८,७१०।०९ देखिएकोमा कार्यालयबाट पेश भएको बेरुजुको विवरणमा २०६८।६९ सम्मको केन्द्र

तफ्रको पेश्की बेरुजु रु १४३५८०४८३।- र कोष तर्फको पेश्की बेरुजु रु १८,७०,८९०।- समेत कुल रु १४,५४,५१,३७३।- देखाएको छ । बेरुजु को विवरणमा भन्दा कार्यालयको सफ्टवेयरको हिसावमा रु.७,९१,८२,६६२।९१ घटी देखिएको सम्बन्धमा पेश्कीको अभिलेख अध्यावधिक नगर्नु नै प्रमुख कारण रहेको छ। यसतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

**कार्यालयको जवाफ :** गत विगतमा पेश्की बाँकी देखिएका बजेट उपशीर्षक नम्वरहरुको अख्तियारी नआएको हुँदा आर्थिक विवरणमा उक्त व.उ.शि.नं.हरुको पेश्कीको विवरण नआएको हुँदा उक्त फरक पर्न गएको हो र बेरुजुको विवरण भएको तथ्यांक नै अद्यावधिक बेरुजुको विवरण भएको कार्यालयको जवाफ रहेको छ।

१५.१. **पेश्की सम्वन्धमा –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२ (१) मा पेश्की लिनु पर्दा कुन कामको लागि के कती रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १९२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १९५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो । आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बांकी रहेको कोषतर्फको पेश्की पेश्की अनुसूची–२ मा उल्लेख गरिएको छ ।

ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्यौट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की गत वर्षको बाँकी रु.२,६७,४६,०८२।०९ र यस वर्षको थप रु.३५५,५००।- समेत नियमानुसार फछ्र्योट हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** पेश्की फछ्र्यौटका लागि आवश्यक कारवाही गरिरहेको कार्यालयको जवाफ रहेको छ।

१६. **सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन :**

**खरिद योजना –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम (५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद याजना तयार गर्नुपर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त पछी उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्न पर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालित योजनाहरुको वार्षिक खरिद योजना तयार गरेको भएतापनि योजनामा तोकेको समयमा लागत अनुमान स्वीकृती संम्झौता तथा कार्य सम्पन्न गरेको देखिएन । वार्षिक खरिद योजनामा लागत अनुमान स्वीकृती संम्झौता तथा कार्यान्वयन गर्ने म्याद क्रमश मंसिर, पौष र जेष्ठ तोकेकोमा कार्यालयले अधिकांश योजनाको संम्झौता तथा कार्य सम्पन्न बैसाख, जेष्ठ र असार महिनामा गरेको देखीयो । खरिद योजना अनुसार सबै कार्यको कार्य सम्पन्न आर्थिक वर्षको अन्त्य

जेष्ठ महिना सम्ममा सम्पन्न गरि सक्नु पर्ने गरी स्वीकृत गरेकोमा कार्यालयले सबै योजना जेष्ठ महिना भित्र सम्पन्न गरेको देखिएन । नियमावली बमोजिम आगामी आर्थिक वर्षका लागी अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा योजना तयार गरी चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछी स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नुपर्नेमा आर्थिक वर्ष २०६९।७० का लागि बार्षिक खरिद योजना २०६९।३।२५ मा मात्र स्वीकृत गरेको र वास्तविक स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गरेको देखिएन । नियमावलीको नियम ६२ (१०) मा खरिद योजना तयार गर्नु अघि सम्बन्धित निकायले आफ्नोमातहतका महाशाखा, शाखा वा विषयगत शाखाबाट खरिद गर्नु पर्ने मालसामान र कामको विवरण माग गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले सो बमोजिम मागको विवरण माग गरेको देखिएन । कार्यालयले झोलुङ्गे पुल, कार्यक्रम, ग्रामिण पहुँच सुधार तथा विकेन्दीकरण आयोजना, र समुदायिक सिचाई आयोजना तर्फको खरिद तथा निर्माणको बार्षिक खरिद योजना तयार गरेको देखिएन । नियमावलीले तोकेको ढांचामा सबै कार्यक्रमको एकमुष्ठ वार्षिक खरिद योजना तयार नहुंदा खरिद कार्यमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिनुका साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । वार्षिक खरिद कार्यलाई प्रभावकारी मितव्ययी र पारदर्शी बनाउनका लागि नियमावलीको व्यवस्थामा परिकल्पना गरे बमोजिमको वार्षिक खरिद योजना तयारीमा कार्यालयको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

**कार्यालयको जवाफ :** कार्यालयले तयार गर्ने खरिद योजनामा आगामी आर्थिक बर्षदेखि सुधार गरिने कार्यालयको जवाफ रहेको छ ।

१७. **प्रशासनिक खर्च –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । यस जिल्ला विकास समितिले गत वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु. २,०१,३८,२५१।७८।- को २५ प्रतिशतमात्र रु. ५०,३४,५६२।९५।- खर्च गर्नूपर्नेमा रु. १,०२,३०,५०५।- खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. ५१,९५,९४२।०५ बढी खर्च भएको छ । कार्यालयले चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता नअपनाएको कारण प्रशासनिक खर्च बढी हुन गएकोछ । जसले गर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर हुन गई आन्तरीक आयबाट प्रशासनिक खर्च समेत व्यहोर्न नसकी पूँजीगत शिर्षकबाट सापटी ल्याई चालु खर्च गर्दा विकास कार्यमा श्रोतको कमी हुन गएको छ । तसर्थ, नियममा तोकेभन्दा बढी खर्च गरेको रु.५१,९५,९४२।०५ नियम सम्मत देखिदैन ।

१८. **अधुरा योजना :** कार्यालयबाट संचालित सबै योजनाहरु तोकिएकै समयमा सम्पन्न गर्नु पर्दछ । कार्यालयबाट पेश भएको विवरण अनुसार यस वर्ष संचालित निम्न योजनाहरु अधुरा रहेको पाइयो ।

| सि. नं. | योजनाको नाम | ब.शि.नं./ कार्यक्रमको नाम | लागत अनुमान | योजना सुरु वर्ष | ०६९।७० सम्ममा भएको खर्च | सम्पन्न हुनुपर्ने मिति | सम्पन्न हुन नसकेको कारण | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ.ज. सामुदायिक भवन निर्माण | - | १६५२० ८३।४९ | २०६९/०७० | १२५०७० ३/०० | - | समय अपुग | पुन रकम विनियोजन गरी निमार्ण गर्नुपर्ने |

उपरोक्त योजना समयमा सम्पन्न गर्न नसक्नुमा समय अपुग रहेको उल्लेख गरिएको छ । समयमा काम नसक्दा र योजना अधुरा रहँदा लभग्राही समुहले उक्त योजनाबाट लाभ पाउन नसक्ने अवस्था रहन्छ । तसर्थ कार्यालयले समयमा नै योजना सम्पन्न गर्न ध्यान दिनपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** यस आ.व.देखि समयमानै योजना सम्पन्न गरिने कार्यालयको जवाफ रहेको छ ।

१९. **पदपूर्ति स्थिति –** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार कार्यालयमा कूल ८० जना कर्मचारी दरवन्दी रहेकोमा ७२ मात्र पदपूर्ती भएको देखीयो । दरवन्दी अनुसार पदपूर्ति नहुंदा सेवाग्राहीले कार्यालयवाट उपलब्ध

गराउने सेवा प्रवाह प्रभावकारी नहुने र मौजूदा कर्मचारीहरुलाई कार्यबोझ थप हुन जाने देखिन्छ । तसर्थ दरवन्दी अनुसारको पदपूर्ति तथा जनशक्ति व्यवस्थापन गर्न सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** पदपूर्तिसम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाइने कार्यालयको जवाफ रहेको छ ।

२०. **पाइप खरिद –** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार पाइप खरिद तथा उपयोगको स्थिती निम्नानुसार छ ।

| पाईपको विवरण | गत वर्षको मौज्दात | यस वर्ष खरिद | जम्मा | यस वर्ष उपयोग | मौज्दात पाइप | मौज्दात पाइपको मुल्य |
|---|---|---|---|---|---|---|
| पोलिथिन पाइप १६ mm | ६०० मि | - | ६०० मि | - | ६०० मि | १०,४८८/- |
| पोलिथिन पाइप २० mm | १३०० मि. | - | १३०० मि | - | १३०० मि | ३३,०९८/- |
| पोलिथिन पाइप ३२ mm | १८०० मि. | - | १८०० मि. | - | १८०० मि. | ७७,२९२/- |
| पोलिथिन पाइप ४० mm | १३५० मि. | - | १३५० मि. | - | १३५० मि. | ८९,७७५/- |
| पोलिथिन पाइप ५० mm | १६५० मि. | - | १६५० मि. | - | १६५० मि. | १,६९,९१७/- |
| | | | | | जम्मा | **६७०० मि.** | **३,८०,५७०/-** |

कार्यालयले पाइपको मौज्दात र आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरीद गर्नुपर्नेमा सो वेगर विभिन्न साइजका पाइपहरु आर्थिक वर्ष २०६७।६८ मा खरिद गरेको हाल सम्म मौज्दातमा नै रहेको देखियो । यसरी आवश्यकता पहिचान वेगर खरिद गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** मौज्दात पाइपहरुको यथाशक्य उपयोगमा ल्याइने कार्यालयको जवाफ रहेको छ ।

२१. **आषाढ महिनाको खर्च –** बैसाखदेखि आषाढ सम्म बार्षिक विनियोजनको ४० प्रतिशत र असार महिनामा बार्षिक विनियोजनको २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाउने व्यवस्था अर्थ मन्त्रालयले गरेको छ ।

कार्यालयले उपलब्ध गराएको बिबरण अनुसार कार्यालयको केन्द्रीय बजेट शीर्षक तर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति निम्नानुसार छ ।

| क्र.सं. | ब.उ.शि.नं. | कुल खर्च | चौमासिक खर्च | | | तेस्रो चौमासिकको खर्च प्रतिशत | आषाढ महिना | आषाढ महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| ज | विभिन्न | २११५४४३३० | २३५०५९४२ | १९२६५७४५ | १६८७७२६४३ | ७९।७८ | ९५१३०४८१ | ४४।९६ |

बार्षिक खर्च रु. २१,१५,४४,३३०/- मध्ये तेस्रो चौमासिकमा रु. १६,८७,७२,६४३।– खर्च भएको छ भने आषाढ महिनामा मात्र रु. ९,५१,३०,४८१।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ७९।७८ र ४४।९६ प्रतिशत रहेको छ ।

तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको देखिन्छ ।

यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।

अर्थ मन्त्रालयको निर्देशन विपरित तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** आ.व. २०६९/७० को अख्तियारीमा खर्च गर्ने बजेटको प्रतिशत नतोकिएको हुँदा र खर्च गर्ने अख्तियारी पनि समयभन्दा ढिलो आएको हुँदा असार महिनामा बढी खर्च भएको कार्यालयको जवाफ रहेको छ ।

२२. **आन्तरिक लेखापरीक्षण –** स्थानीयस्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ ।

यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । अन्तिम लेखापरीक्षण हुंदा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु औंल्याएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो पेश्की फछ्र्यौट गरेको पाईएन । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो ।

जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक

लेखापरीक्षण गर्नु पर्ने हुंदा कार्यवोझको कारणले सममयै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ ।

आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन ।

नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको रु.४५५०।- उपर कारबाही हुनुपर्दछ ।

| सि.नं | ब.उ.शि.नं | गौ.भौ र मिति | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | आन्तरिक स्रोत चालु | १०७-०६९/१०/१८ | इ. पारसमणी हमालको भर्पाइ संलग्न नरहेको | १७००/- |
| २ | आन्तरिक स्रोत चालु | १४१- | अनुगमन खर्च भुक्तानी गर्दा लालमणी शर्माको भर्पाइ संलग्न नरहेको | २०००/- |
| ३ | आन्तरिक स्रोत पूँजीगत | १२१-०६९/१०/१० | अनुगमन खर्च भुक्तानी गरेकोमा कुसुण्डा विकास समितिको उपाध्यक्षको भर्पाइ संलग्न नरहेको | ८५०/- |
| | | | **जम्मा** | ४५५०/- |

**कार्यालयको जवाफ :** फछ्र्यौटका लागि आवश्यक कारवाही भइरहेको कार्यालयको जवाफ रहेको छ ।

२३. **गाविसको आन्तरिक लेखापरीक्षण बेरुजुको लगत नराखेको :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९ मा गाविसको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र गर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राखि आन्तरिक लेखापरीक्षकबाट सम्परीक्षण गराउनु पर्दछ । यस जिल्ला विकास समिति अर्न्तगतका ३९ गाविस को आन्तरीक लेखापरीक्षण गरी सो वेरुजु लगत राखि आन्तरीक लेखापरीक्षकबाट सम्परीक्षण गर्ने गरेको देखिएन । ऐनको प्रावधान अनुरुप लगत राखि सम्परीक्षण नगराउनाले आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुँदा बेरुजुको लगत राखि समयमा फर्छौट र सम्परीक्षण गराउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ ।

**कार्यालयको जवाफ :** अब उप्रान्त लगत राख्ने कार्यालयको जवाफ रहेको छ ।

२४. **जिन्सी –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वंय वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ ।

कार्यालयले गत आर्थिक बर्ष ०६८।६९ को जिन्सी निरीक्षण प्रतिवेदन २०६९।३।३१ मा तयार गरेकोमा सो प्रतिवेदन मा उल्लेख भएको निम्नानुसारको काम कारवाही भए गरेको पाइएन ।

१. निरीक्षण फाराममा उल्लेख भएका चालु हालतमा नरहेका बिभिन्न सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नु पर्ने भए सो गरि स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० को कार्यविधि पुरा गरी भण्डार व्यवस्थापनलाई चुस्त पार्नु पर्ने देखिन्छ ।

२. क्यामरा, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदाँ उक्त सामानहरुको स्पेसिफिकेशन, सिरियल नम्वर, मोडल नं.आदी उल्लेख गरी सहायक रजिष्टरमा राख्नु पर्ने र सोही अनुसार जिन्सी खातामा समेत खुलाई राख्नु पर्ने देखिन्छ ।

३. जिन्सी लेजर परीक्षण गर्दा प्राप्त भएका जिन्सी सामानहरुको मूल्य राखेको देखिएन । नियमानुसार मुल्य खुलाई आम्दानी जनाउनु पर्दछ ।

४. कार्यालयका कोठाहरुमा प्रयोगमा रहेका जिन्सी लगायतका सामाग्रीहरुलाई सांकेतिक नम्वर एव्म कोठामा भएका सामाग्रीको विवरण कोठा कोठामा तयार गरि राख्नुपर्ने देखिन्छ ।

५. कार्यालयको घर जग्गाको विवरणमा काभ्रे सेवा केन्द्र रहेको स्थानमा ६१ रोपनी ७ आना १ दाम १ पैसा क्षेत्रफलमा ८ वटा भवन र शौचालय समेत रहेकोमा उक्त भवनमा निजी विद्यालय संचालनमा आएकोले भाडादर निर्धारण गरी जि.वि.स मा आम्दानी गर्नु पर्ने भनी उल्लेख गरेकोमा कार्यालयले सो अनुसार गरेको देखिएन ।

यसो हुनुमा जिन्सी व्यावस्थापन गर्न व्यवस्था भएका नियम प्रकृया र पद्धतिको परिपालना गर्न कार्यालय सचेत नरहनु मुख्य कारण पाइन्छ ।

यसले गर्दा जिन्सी सामानको वास्तविक अवस्था देखिने स्थिति भएन । यसबाट सरकारी सम्पत्तिको सुरक्षा हुन नसकी हानी नोक्सानी हुन सक्ने  देखिन्छ ।

अतः उक्त सामान व्यवस्थित गरी राख्ने र काम नलाग्ने तथा मूल्य नखुलेका सामानहरुको लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सम्पतिको हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नु पर्दछ ।
**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

२५. **अनुसूचीहरुको प्रयोग –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) वमोजिम विभि तोकिएका निम्न अनुसूचीहरु तथा फारामहरु अद्यावधिक गरी राखेको पाइएन ।

| | |
|---|---|
| अनुसूची ११ | लगती आय खाता (व्यक्तिगत खाता) |
| अनुसूची १४ | आन्तरिक श्रोतको लगती असूली विवरण |
| अनुसूची ६२ | डोर हाजिरी नियन्त्रण खाता |
| अनुसूची ६७ | आइटमवाइज कार्य अभिलेख खाता |
| अनुसूची ६९ | ठेकेदार/उपभोक्ता समिति/गैर सरकारी संस्थाको व्यक्तिगत खाता |
| अनुसूची ७६ | असुल गर्ने रकमको विवरण |
| अनुसूची ६४ | नापी किताब (नियन्त्रण) अभिलेख खाता |
| अनुसूची ६९ | उपभोक्ता समितिलाई भुक्तानी दिने विल |

काम प्रतिको संवेदनशीलता तथा यसको उपयोगिता सम्वन्धमा मनन हुन नसकेको कारण यी फाराम को प्रयोग हुन नसेकेको देखिन्छ ।

उल्लेखित फारामहरुको प्रयोग नहुंदा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा असर पर्ने स्थिति रहेको छ । नियमले तोकिदिएका फारामहरुको प्रयोग गरी व्यवस्थापकिय कार्य भरपर्दो र मजबुद बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।
**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

२६. **योजना हस्तान्तरण:** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ ।

कार्यालयवाट प्राप्त बिबरण अनुसार यस बर्ष संचालित योजनाहरुका अवस्था  देहाय अनुसार रहेको छ ।

| ब.शि.नं. कार्यक्रमको नाम | संचालित योजना संख्या | सम्पन्न योजना संख्या | बजेट | खर्च | सम्पन्न नभएका योजना संख्या | सम्पन्न मध्ये हस्तान्तरण भएका योजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| स्थानीययातायात पूर्वाधार क्षेत्रगत विकास कार्यक्रम पूंजिगत | १ | १ | १८०००००.०० | १७४६०००.०० | ०० | १ | |
| स्थानीययातायात पूर्वाधार क्षेत्रगत विकास कार्यक्रम चाल | १६ | १४ | १३५००००००.०० | १२५९६३३४.०० | २ | १४ | |
| ग्रामीण खानेपानी तर्फ | ३० | २९ | ५५०००००.०० | ५०५१५७४.०० | १ | २९ | |
| जि.वि.स. अनुदान चालु | ३२ | ३२ | १४८५८०५०.०० | १४१३०२४३.०० | | ३२ | |
| पिछडिएको तराई मधेश विशेष | ८ | ७ | ६२०००००.०० | ५८९७४९१.०० | १ | ७ | |
| जनसहभागितामा आधारित | १६ | १३ | ९८०००००.०० | ९४१२७७५.०० | ३ | १३ | |
| द्वन्दप्रभावित विशेष कार्यक्रम | ७ | ७ | ४००००००.०० | ३८४५६८५.०० | | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सडक बोर्ड नेपाल | ५ | ५ | २४३२५२०.०० | ९७००२०.०० | | ५ | |
| आन्तरिक श्रोत तर्फको | २० | १४ | ८०२८०००.०० | ५६४५२८०.०० | ६ | १४ | |
| गुम्बा विकास कार्यक्रम | १ | १ | ५००००.०० | ४८५००.०० | | १ | |
| लोपोन्मुख कार्यक्रम | १ | ०० | १५०००००.०० | १२५०७०३.०० | १ | ०० | |
| विद्युत विकास कार्यक्रम | १२ | ११ | ११९७०००.०० | ११५५४०.०० | १ | ११ | |
| **जम्मा** | **१४९** | **१३४** | **६८८६५५७०** | **६०७१०१४५** | **१५** | **१३४** | |

कार्यालयबाट पेश भएको विवरण अनुसार यस वर्ष संचालित १४९ योजना मध्ये १३४ योजना सम्पन्न भई सबै हस्तान्तरण भएको जनाएको छ । कार्यालयले तोकिएको ढाँचामा भौतिक प्रगति देखिने र हस्तान्तरण गर्न सकिने योजनाहरुलाई मात्र हस्तान्तरण गरि सो को अभिलेख राख्नु पर्ने देखिन्छ । कार्यालयले पटके मर्मत क्रमागत योजना समेत वर्षै पिच्छे कार्यक्रम र बजेट अनुसार लागत अनुमान तयार गरी हस्तान्तरण गर्ने गरेको छ । भौतिक रुपले एउटा देखिने योजनामा पटक पटक लगानी गरी हस्तान्तरण नै गरी एकमुष्ट पठाएको छ । लागतअनुसार तयार गरी पूर्ण रुपले सम्पन्न भए पछी मात्र हस्तान्तरण गर्नुपर्ने तर्फ ध्यान जानु पर्दछ ।

**कार्यालयको जवाफ :** दिएको सुझावलाई व्यवहारिकरुपमा कार्यान्वयन गर्नेतर्फ पहल गरिने कार्यालयको जवाफ रहेको छ ।

२७. **पूर्वाधारतर्फ ५ लाख भन्दा घटीका योजनामा लगानी :** स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ दफा ८ (ग) मा स्थानीय निकायको कुल पूँजीगत रकम बाट उक्त दफाको खण्ड (क) बमोजिमको समपुरक कोषको रकम र खण्ड (ख) बमोजिमको लक्षित समूह विकास कार्यक्रमको रकम घटाई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो को कम्तिमा ६० प्रतिशत आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रमका लागी छुट्टाउनु पर्ने दफा ८(घ) मा खण्ड (ग) बमोजिमको रकम घटाई बाँकी हुन आउने रकमबाट अधिकतम ४० प्रतिशत रकम प्रवर्द्धानात्मक कार्यक्रमका लागी पूजीगत बजेट विनियोजन गर्नु पर्ने व्यवस्था छ । कार्यविधिको दफा ११(२) मा आर्थिक सामाजिक एंव भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् भन्ने व्यवस्था छ । जिल्ला विकास समितले यस वर्ष कार्यविधिको दफा ११(२) विपरित ५ लाख घटीका योजनामा समेत लगानी गरेको देखीयो । यसरी लगानी गर्दा कर्यविधीको पालना नहुनका साथै भौतिक पूर्वाधार क्षेत्रमा अनावश्यक रुपमा साना साना रकम खर्च हुन गई भौतिक रुपमा विकास नदेखिने अवस्था हुन जान्छ ।

कार्यालयले शुरुमा बजेट अनुमान गर्दा ५ लाखसम्मका योजना छनौट गरेता पनि कार्यालयले कार्यविधि बमोजिम पूर्वाधार तथा प्रर्वर्द्धनात्मक तर्फ ५ लाख का योजना छनौट गरि कार्यान्वयन गर्ने क्रममा बजेट कम भएको भनी ३ लाखसम्म विनियोजन गरि ५ लाखभन्दा घटी लागत अनुमान तयार गरी कार्यान्वयन गरेको देखीयो । यस वर्ष कार्यविधिको व्यवस्था विपरित पूर्वाधार भित्रमा ५ लाख भन्दा घटीका योजना कार्यान्वयन गरेको केही उदाहरण निम्न छन् ।

| सि.नं | क्षेत्र | योजनाको नाम | लागत अनुमान | जि.वि.स अनुदान रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | सडक तर्फ | सुतैयासोताको कल्भर्ट निर्माण | १६४४७१.७५ | १५०००० | १४५५०० |
| २ | सडक तर्फ | जमुनिया खोलामा पुल संरक्षण | ३०३०८८.३२ | २५०००० | २४२५०० |
| ३ | खानेपानी | टरिगाउँ बनगाउँ घोराडवरा खानेपानी | ३५२७३७.२१ | ३२०००० | ३०७८२२ |
| ४ | खानेपानी | सोनापुर डाडागाउँ खानेपानी | २२६६४२.७४ | २००००० | १९४००० |
| ५ | खानेपानी | पञ्चकुले खानेपानी | ३६२५२९.४५ | ३२०००० | ३१०४०० |
| | | **जम्मा** | **१४०९४६९** | **१२४००००** | **१२००२२२** |

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

२८. **कार्यविधिले तोकेको समयमा कार्य सम्पन्न नभएको :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्य विधि २०६९ को दफा ३१ मा स्थानीय निकायको कार्यक्रम वा आयोजना संचालन गर्दा जेष्ठ मसान्त भित्र आयोजना वा कार्यक्रम सम्पन्न गरी सम्पन्न भएको ३० दिन भित्र जाँचपास र फरफारक गरि सक्नु पर्ने व्यवस्था छ । कार्य विधिको दफा ३९ (१४) मा नगरपालिका र जिल्ला विकास समितिले बैसाख मसान्त पछि, गाँउ विकास समितिले जेष्ठ मसान्तपछि, कुनै पनि नयाँ कार्यक्रम वा आयोजनामा रकम बाँडफाड

गर्न, रकम निकाशा दिन, कार्यक्रम वा आयोजना कार्यन्वयनका लागी संम्झौता गर्न पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । त्यसै गरि कार्यविधिको दफा ४७ मा नेपाल सरकारबाट निकाशा भएको सबै निशर्त, शःसर्त, पूँजीगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा सात दिन अगाडी नै भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नु पर्ने, आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय निकायको मूल कोष खातामा फिर्ता गर्नु पर्ने, यसरी फिर्ता प्राप्त भएको रकम मध्ये नेपाल सरकारबाट प्राप्त फ्रिज गर्नु नपर्ने रकम र स्थानीय निकायको आन्तरिक आम्दानीको रकम, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम समेत आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नु पर्नेछ । कार्यालयले यस वर्ष विभिन्न कार्यक्रम वा आयोजना सम्बन्धित नगरपालीका/गा.वि.स बाट योजनाको लगत इष्टीमेट गर्ने, संम्झौता गर्ने र अन्तिम फरफारक र भुक्तानी गरी कार्यालयमा प्रगति प्रतिवेदन पठाउने गरी जेष्ठ र असार महिनाको अन्तिमसम्म गा.वि.स/न.पा मा निकासा पठाएको देखीयो । कार्यविधिले तोकेको समयमा कार्य सम्पन्न गराउनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । कार्यविधिको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन नगर्दा फ्रिज गर्नुपर्ने रकम फ्रिज नहुने, सेवाग्राहिले समयमा सेवा प्राप्त गर्न नपाउने, दिइएको रकम जथाभावी खर्च हुने र आर्थिक अनुशासन कायम हुन नसक्ने अवस्था समेत सृजना हुन सक्ने देखिन्छ ।

| सि.नं | व.उ.शि नं/ शिर्षक | रकम पठाएको मिति | आयोजना कार्यक्रम संख्या | न.पा/गा.वि.स संख्या | अनुदान रकम | चेक नम्बर |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक पूँजीगत | २०७०/२/३ | ४ | ४ | २१५,०००/- | ७३०५११३७ |
| २ | आन्तरिक पूँजीगत | २०७०/२/२ | ५ | ५ | २४०,०००/- | ७३०५११३८ |
| ३ | ग्रामिण खानेपानी | २०७०/२/२ | ६ | ६ | १८५,०००/- | ७३०५०३६८ |
| ४ | आन्तिरिक स्रोत पूँजिगत | २०७०/२/१२ | १ | १ | ५०,०००/- | ७३०५११२१ |
| ५ | मधेशी पिछडा वर्ग मु.उ.का | २०७०/२/१२ | १ | १ | १००,००/- | ७३०५०४०८ |
| ६ | आ.स्रोत पूँजीगत | २०७०/२/१२ | १५ | १५ | ५२५,०००/- | ७३०५११५४ |
| ७ | जि.वि.स अनुदान पूँजीगत | २०७०/२/१२ | २६ | २६ | ५९४,०००/- | ७३०५०४१० |
| ८ | ग्रामिण खानेपानी पूँजीगत | २०७०/२/१७ | १२ | १२ | १,९५०,०००/- | ७३०५०४१८ |
| ९ | आ.स्रोत पूँजीगत | २०७०/२/१३ | १ | १ | २४६,२५०/- | ७३०५११६७ |
| १० | आन्तरिक स्रोत पूँजीगत | २०७०/३/१९ | ११ | ११ | ४०१,८८०/- | ७३०६३७१३ |
| ११ | जि.वि.स अनुदान चालु | २०७०/३/२४ | १ | १ | ४९,२५०/- | ७३०६७४७१ |
| १२ | आन्तरिक स्रोत पूँजीगत | २०७०/३/२४ | २ | २ | ९८,५००/- | ७३०६३७३४ |
| १३ | जि.वि.स अनुदान चालु | २०७०/३/२४ | ४ | ४ | १००,०००/- | ७३०६७४७० |
| १४ | आन्तरिक स्रोत पूँजीगत | २०७०/३/२८ | १ | १ | ५०,०००/- | ७३०७६८५२ |
| १५ | द.उ.र दलित वर्ग उत्थान | २०७०/३/२८ | ५ | ५ | २४०,०००/- | ७३०७६६५६ |
| १६ | ग्रामिण खानेपानी तथा सरसफाई | २०७०/३/३० | २ | २ | ३००,०००/- | ७३०७८७०० |
| १७ | जि.वि.स अनुदान | २०७०/३/३१ | ८ | ८ | २००,०००/- | ७३०७६६६९ |
| १८ | जि.वि.स चालु | २०७०/३/३० | ३ | ३ | ५५,०००/- | ७३०७६६७९ |
| | जम्मा | | | | ५,५९९,८८०/- | |

**कार्यालयको जवाफ** : आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

२९. **गाविसमा मौज्दात रहेको अनुदान रकम कोलेनिका फिर्ता गर्ने नगरेको :** स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाँउ विकास समितिमा नेपाल सरकारबाट निकासा भएको सबै निःशर्त तथा सशर्त, पूँजिगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नू पर्दछ र बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यलयबाट पेश भएको २०६८।६९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अध्यन गर्दा निम्न गविसको सञ्चालन खातामा नेपाल सरकारबाट निकासा भएको शसर्त निशर्त

अनुदान रकम रु १,३६,९३,६९५/- मौज्दात रहेको देखीयो ।

| सि.नं | गाविसको नाम | पुँजीगत खाताको मौज्दात रकम |
|---|---|---|
| १ | ढिकपुर गाविस | १२१५६४३/- |
| २ | हापुर गाविस | ७७६५०२/- |
| ३ | काभ्रे गाविस | १५२३२२५/- |
| ४ | श्रीगाउँ गाविस | ११५४५९९/- |
| ५ | धनवरी गाविस | ७७४०००/- |
| ६ | सौंडियार गाविस | ४७५९७०/- |
| ७ | नारायणपुर गाविस | २८४२७८१/- |
| ८ | पुरन्धारा गाविस | ११५४१०८/- |
| ९ | उरहरी गाविस | (ग ४-३ आन्तरिकमा ट्रान्सफर ) ६९९४०४/- |
| १० | सतवरिया गाविस | ७७४६३/- |
| **जम्मा** | | **१,३६,९३,६९५/-** |

यसो हुनुमा जिल्ला विकास समितिबाट गा.वि.स.लाई दिइएको निकासा बमोजिमका कार्यक्रमहरु कार्यान्वयन भए भएन भनि ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम खोजविन तथा अनुगमन नहुनु नै हो । जसले गर्दा सो वर्ष खर्च नभएको फ्रिज हुनु पर्ने रकम गा.वि.स. को खातामा नै रही रहेको छ । अतः गा.वि.स.को खातामा अनुदान निकासा दिएको रकम खोजि गरि संचित कोष दाखिला गर्न गराउन कार्यालयबाट आवश्यक पहल हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** यसतर्फ दिएको सुझाव अनुसार कारबाही गर्न पहल भइरहेको कार्यालयको जवाफ रहेको छ ।

३०. **फ्रिज गर्नुपर्ने रकम फ्रिज नभएको :** स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाँउ विकास समितिमा नेपाल सरकारबाट निकासा भएको सवै निःशर्त तथा सशर्त, पूँजिगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नू पर्दछ र बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयबाट गा.वि.स.अनुदानतर्फबाट गाउं विकास समितिहरुलाई रु.५,८५,००,०००।०० निकासा दिएकोमा गा.वि.स.अनुदानको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बांकी रहेको विवरण कार्यालयमा माग गरेकोमा पेश भएन । कार्यविधिको दफा ३१ मा स्थानीय निकायको कार्यक्रम वा आयोजना संचालन गर्दा जेष्ठ मसान्त भित्र आयोजना सम्पन्न गर्ने र सम्पन्न भएको ३० दिन भित्र जाँचपास फरफारक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष स्थानीय निकायले जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गर्नु पर्ने पूँजीगत अनुदान रकम जेष्ठ महिना देखि असार २३ गतेसम्म रु २,७९,३५,६२०।- अर्थात पूँजीगत अनुदानको ६६.३४ प्रतिशत निकाशा दिएको देखीयो । आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाडिनै भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गरी बचत रकम फ्रिज गरि कोष तथा लेखा नियन्त्रक कार्यालय मा फिर्ता गर्नु पर्नेमा ६६.३४ प्रतिशत पूँजीगत निकाशा जेष्ठ र असारमा पठाएको मा उक्त निकाशा कार्यविधिको व्यवस्था विपरित देखिन्छ । कार्यविधिको प्रभावकारी रुपमा कार्यान्वयन नहुदा फ्रिज गर्न पर्ने रकम फ्रिज नहुने, समयमा कार्य सम्पन्न नहुने जथाभावी खर्च हुने, आर्थिक अनुशासन कायम नहुने अवस्था सृजना हुन सक्ने देखिन्छ । यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

| सि.नं | निकासा मिति | किस्ता | गा.वि.स संख्या | रकम |
|---|---|---|---|---|
| १ | २०७०/२/१४ | दोस्रो किस्ता | १२ | ४२८८४५०/- |
| २ | २०७०/२/१७ | दोस्रो किस्ता | ६ | २१४५२२०/- |
| ३ | २०७०/३/३ | दोस्रो किस्ता | ७ | २५०३४२०/- |
| ४ | २०७०/३/१३ | दोस्रो किस्ता | ७ | २५११३८०/- |
| ५ | २०७०/३/२० | तेस्रो किस्ता | १२ | ४२९६४१०/- |
| ६ | २०७०/३/२० | तेस्रो किस्ता | ४ | १४३१८०५/- |
| ७ | २०७०/३/२३ | दोस्रो किस्ता | ७ | २५१२३७५/- |
| ८ | २०७०/३२३ | तेस्रो किस्ता | ६ | २१५४१७५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७०/३/२३ | तेस्रो किस्ता | २२ | ६०९२३८५/- |
| | | | **जम्मा** | **२७९३५६२०/-** |

यसो हुनुमा जिल्ला विकास समितिबाट गा.वि.स.लाई दिइएको निकासा बमोजिमका कार्यक्रमहरु कार्यान्वयन भए भएन भनि ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम खोजविन तथा अनुगमन नहुनु नै हो । जसले गर्दा सो वर्ष खर्च नभएको फ्रिज हुनु पर्ने रकम गा.वि.स. को खातामा नै रही रहेको देखिन्छ । अतः गा.वि.स.को खातामा अनुदान निकासा दिएको रकम खोजि गरि संचित कोष दाखिला गर्न गराउन कार्यालयबाट आवश्यक पहल हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

## कोष पूँजीगत

३१. **अग्रिम कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत भाडा, रोयल्टी सेवा शुल्क अवकाश रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न बजेट शिर्षकमा निम्न गोश्वारा भौचर र मिति बाट सेवा शुल्क भुक्तानी गर्दा अग्रीम कर घटी कट्टी गरेको पाइयो । ऐन अनुसार कट्टी गर्नु पर्ने अग्रीम कर कट्टी नगर्दा ऐनको पालना नहुने र नेपाल सरकारको राजस्व समेत घट्न जान्छ । ऐनले तोके बमोजिम अग्रीम कर रु. ५५,८१३/-असुल गरी राजस्व दाखीला हुन पर्दछ ।

| सि.नं | व.उ.शि.नं | गो.भौ. र मिति | विवरण | संस्था | भुक्तानी रकम | अग्रीम कर कट्टी रकम | अग्रीम कर नपुग रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कोष पूजीगत | १७७-२०७०/२/३१ | सुचना प्रसारण खर्च (सेवा शुल्क) | सामुदायीक रेडियो सरयू गंगा FM १०४ MH (३०२८२०११) | ४०५००/- | ६०८/- | ५४६७/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| २ | कोष पूँजीगत | २०२-२०७०/३/१८ | डाइभिङ तालिम (सेवा शुल्क) | स्वर्गद्धवारी मोटर डाइभिङ ट्रडिङ सेन्टर लमहि (३०४४२९७६५) | ३५०००/- | ५२५/- | ४७२५/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ३ | कोष पूँजीगत | २१३-२०७०/३/२० | डाइभिङ तालिम (सेवा शुल्क) | राप्ति मोटर डाइभिङ सेन्टर दाङ (३०२४७२३३२) | २८०००/- | ४२०/- | ३७८०/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ४ | कोष पूँजीगत | २३१-२०७०/३/२६ | डाइभिङ तालिम (सेवा शुल्क) | गौतम मोटर डाइभिङ इन्सिचियुट घोराइ (३०३९१२०४६) | ३५०००/- | ५२५/- | ४७२५/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ५ | कोष पूँजीगत | २३९-२०७०/३/२६ | सुचना प्रसारण खर्च (सेवा शुल्क) | रेडियो मध्यपश्चिम ९१.४ MH | ५००००/- | ७५०/- | ६७५०/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ६ | कोष पूँजीगत | २४४-२०७०/३/२८ | संभव्यता अध्ययन तथा गुरुयोजना निर्माण | नेपाल पर्यटन विकास केन्द्र | १४५५००/- | ९३२७/- | १२४९८/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ७ | कोष पूँजीगत | २५४-२०७०/३/३० | सुचना प्रसारण खर्च (सेवा शुल्क) | रेडियो प्रकृति FM ९३.४ MH ( ३०६३१३२६२) | २१२३८/- | ३१८/- | २८६८/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| ८ | आन्तिरिक स्रोत पूँजीगत | २६८-२०७०/३/३१ | सामाजिक परीक्षण | भोला अधिकारी | १०००००/- | - | १५०००/- | मु.अ.करमा दर्ता नभएको संस्था |
| **जम्मा** | | | | | | | **५५,८१३/-** | |

कार्यालयको जवाफ : असुल गर्न बाँकी करको हकमा असुलीको कारबाही भइरहेको कार्यालयको जवाफ रहेको छ ।

३२. **स्थायी लेखा नम्बर र मु.अ कर दर्ता प्रमाण पत्र प्राप्त नगरेको सँग परामर्श सेवा :** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७१ मा एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा १ लाख रुपैया भन्दा कमको परामर्श सेवा लिनु पर्दा मात्र मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति फर्म संस्था वा कम्पनिबाट खरिद गर्न सकिने व्यवस्था छ । सो भन्दा बढीको खरिदमा त्यस्तो दर्ता आवश्यक देखिन्छ । कार्यालयले दर्ता प्रमाणपत्र नभएका निम्न परामर्शदातालाई बिजक बेगर भुक्तानी दिएको रु. २,४५,५००।- नियमित देखिदैन ।

| सि.नं | व.उ.शि.नं | कार्यविवरण | परामर्शदाता | भुक्तानी |
|---|---|---|---|---|
| १ | आन्तरिक स्रोत पूँजीगत | सामाजिक परीक्षण | भोला अधिकारी | १,००,०००/- |
| २ | आन्तरिक स्रोत पूँजीगत | सम्भाव्यता अध्ययन तथा गुरुयोजना निर्माण | नेपाल पर्यटन विकास केन्द्र | १,४५,५००/- |
| | | | **जम्मा** | **२,४५,५००/-** |

**कार्यालयको जवाफ :** सामाजिक परिक्षण कार्य रु. १ लाखसम्म गर्नुपर्नेमा १ लाखभित्र नै भएको र संभाव्यता अध्ययन तथा गुरुयोजना निर्माण निर्माण कार्य भएको हुँदा र निर्माण कार्यको सीमा १ लाख ५० हजार भएको कार्यालयको जवाफ रहेको छ।

३३. **एकिकृत लागत अनुमानमा म्याचिङको अंश देखिनुपर्ने :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको दफा ९ मा जिल्ला विकास समितिले आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी गैर सरकारी निजी क्षेत्र विकास साझेदार संस्था सँग भएको संम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न आयोजनागत रुपमा विवरण तयार गरी समपुरक कोष मा आवश्यक रकम छुट्टाई साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयोजनाहरु योजना तर्जुमा प्रकृयाको प्रारम्भिक चरण देखी सहभागिता मुलक प्रकृयाबाट स्थानीय निकायको योजनामा समावेश गरी गर्नु पर्ने व्यवस्था छ। आयोजना व्यवस्थापन कार्यालय नगर विकास कोष, खानेपानी उपभोक्ता तथा सरसफाई संस्था लमही तथा चौलाही गाविस बिचको नगर आयोजना संम्झौता बमोजिम सरसफाई सम्बन्धि कार्यक्रमको लागि कुल लागत अनुमान रु १४,५९,९३,१४५।- स्वीकृत गरी लमही खानेपानी आयोजना निर्माण कार्य भइरहेकोमा जिल्ला विकास समितिले उक्त आयोजनाका लागि यस वर्ष समपुरक कोषमा रु १० लाख विनियोजन गरी विल भरपाई र अन्तिम लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्ने गरि रु १० लाख भुक्तानी दिएको देखीयो। साझेदारीमा सम्पन्न हुने आयोजनामा लगानी गर्दा योजना तर्जुमा प्रकृयाको प्रारम्भिक चरण देखि नै जिल्ला विकास समितिको कुल लागत अनुमानमा लगानी देखिने गरि लागत अनुमान तयार गरी सोही बमोजिम जिल्ला विकास समितिले गरेको लगानीको स्पस्ट कार्यमूल्यांकन भइ सकेपछि मात्र कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनु पर्नेमा छुट्टै अण्डर ग्राउण्ड रिजर्भर ट्याङकी निर्माणको लागी मु.अ.कर समेत रु २१,७३,७४८।- को लागत अनुमान तयार गरी सोको ५० प्रतिशतले हुने रकम जिल्ला विकास समितिले बेहोर्ने भनी कार्यमूल्यांकन बेगर भुक्तानी दिएको देखीयो। आयोजनाको कुल लागत अनुमान रु १४,५९,९३,१४५।- मा उक्त ट्यांकी निमांण कार्य समावेश भए नभएको एकिन गर्न सक्ने अवस्था देखिदैन। कार्यालयले गरेको लगानीको कार्यमूल्यांकन सुनिश्चित हुने गरी लगानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ।

३४. **कार्यसम्पन्न प्रतिवेदन:** जिल्ला पशु स्वास्थ कार्यालय दाङको पिट निर्माण गर्ने ट्रेविज निर्माण गर्ने र पशु उपचार र प्रयोगशाला कक्षमा पानी सप्लाई कार्यको रु ३१०००००।- को लागत अनुमानमा जिविसको म्याचिङ्ग फण्डबाट रु ३ लाख भुक्तानी गरेकोमा सो कार्यको कार्य मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश हुनु पर्दछ।

**कार्यालयको जवाफ :** कार्यसम्पन्न प्रतिवेदन पेश गरेको कार्यालयको जवाफ रहेको छ।

म्याचिङ्ग सहितको कार्य देखिने कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ।

३५. **कालोसूची –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(९) मा उपभोक्ता समितिले निर्माण सम्पन्न गरि सकेपछी प्राविधिक बाट नापजाँच गराई उक्त कार्यका लागी प्राप्त रकम र जनसहभागिता बाट व्होरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कुल खर्चको विवरण र बहुमत उपभोक्ता समूहको उपस्थिती र निर्णयको प्रमाणित प्रतिलिपि समेत सम्बन्धित स्थानीय निकायमा पेश गर्नु पर्ने र स्थानीय निकायले आवश्यक ठानेमा सार्वजनिक परीक्षण समेत गराई सो समेतको अभिलेख खडा गर्नु पर्ने व्यवस्था छ। यस वर्ष जि.वि.स कोष पूँजीगत तर्फ (पिपली पिपरा) पूल निमांण योजनाको रु ४,४८,७९७- को लागत अनुमानमा जि.वि.स ले रु ३,८८,०००।- बेहोर्ने र २०७०।२।२८ मा कार्य सम्पन्न गर्ने गरि २०७०।१।९ मा भएको संम्झौता बमोजिम गाउँ विकास समितिको सिफारिस र उपभोक्ता समितिको मिति २०७०।२।१० को निर्णयले लागत अनुमान अनुसारको सबै कार्य सम्पन्न भएको भनि रु ५,८९,४६४।- को विल भर्पाइ पेश गरेकोमा प्रविधिक मूल्यांकन रु २,४६,५२०।९० मात्र भएकोले कार्यालयबाट प्रथम किस्ता वापत रु १,८५,७००।- भुक्तानी भएको छ। लागत अनुमान अनुसारका ३ आइटमको रु १,४६,४१२।१९ कार्य भएको देखिएन। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको दफा २५(११) मा वास्तविक काम भन्दा बढी काम गरेको देखाई भुक्तानी माग्ने उपभोक्ता समितिलाई रकम भुक्तानी नदिइ कालो सूचीमा राखी कारवाही गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले सो नगरी कार्यमूल्यांकनको आधारमा समानुपातिक हिसावले भुक्तानी दिएको देखीयो। झुट्टा विवरण पेश गर्ने उपभोक्ता तथा कार्य सम्पन्न नभई कार्य सम्पन्नको सिफारिस गर्ने गा.वि.स.को उक्त कार्यको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

**कार्यालयको जवाफ :** अब उप्रान्त यसतर्फ अनुगमन गरिने कार्यालयको जवाफ रहेको छ।

३६. **उपभोक्ता समिति परिचालन:** जिल्ला विकास समितिद्धारा संचालित रु. ६० लाख सम्मको काम स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन

सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ (१) ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ (३) मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीयनिकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष १३५ वटा योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता भएको हो र कुन निकायवाट नविकरण गरिएको हो, सो समेत श्रेस्तामा खुल्न आएन ।

उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भएपछि उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरिनुनै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धी बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

३६.१. **सार्वजनिक परीक्षण –** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ (त) मा जिम्मा लिएको कामको निर्धारित समयमा कार्य सम्पन्न नभएमा उपभोक्ता समूहको निर्णय सहित थप म्याद माग गर्ने व्यवस्थ छ । नियम १५६ (प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीयनिकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नाँपजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सार्वजनिक परीक्षण सबै योजनामा गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । पेश भएका सार्वजनिक परीक्षण फारममा सबै विवरण नभरी उपभोक्ता समूहका सचिब र अध्यक्षको दस्तखत मात्र गरि पेश गर्न गरेको देखीयो । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ भनि विश्वस्त हुने आधार देखिदैन । प्राविधिक जाँचपाँस भएकोमा मिति स्पष्ट उल्लेख गरी उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गर्ने गराउने तर्फ सम्वन्धित सवैको ध्यान पुग्नु पर्दछ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

३६.२. **अग्रीम आय कर –** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ मा कर योग्य भुक्तानीमा वहाल कर तथा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत संचालित योजनाको सम्वन्धमा उपभोक्ता समितिवाट कार्यालयमा आंशिक विल भरपाई र प्राविधिक मुल्यांनकनको आधारमा भुक्तानी हुने गरेको छ । यसरी संलग्न भएका सबै जसो विल भरपाईमा करकट्टी गरी उपभोक्ता समूह आफैले दाखिला गरेको देखिदैन । कार्यालयले भुक्तानी दिँदा मात्र अग्रिम कर कट्टि गरेको छ । उपभोक्ताले समिति भुक्तानीको नै समयमा उपभोक्ता समिति मार्फत हुने कामको भूक्तानीमा करकट्टी गर्ने प्रचलन नहुँदा त्यस्ता कार्यबाट आय कर छली हुने देखिन्छ । उपभोक्ता समूहबाट भुक्तानी लिने वा करदाताले नियमानुसारको विजक जारी गरि आय विवरणमा समेत समावेश गरि अग्रिम कर कट्टी भएको कर रकम मिलान गरी लाग्ने कर तिर्नु पर्ने मा उपभोक्ताले सादा कागजमा भर्पाइ गरि भुक्तानी दिएको र सोही आधारमा जि.वि.स ले अग्रीम कर कट्टी गर्दा बास्तविक भुक्तानी पाउने व्यक्ति वा करदाताले गरेको आम्दानीको आय विवरण तथा आयकर छुट हुन जान्छ । कार्यालयद्धारा सम्झौता गरी चालु रहेका तथा आगामी सम्झौता हुने यस्ता योजनाहरुमा खपत हुने सामान तथा भाडामा लिई प्रयोग हुने मेशिन तथा उपकरणमा दर विश्लेषण वमोजिम हुने रकममा वहाल कर एवं

अग्रिम कर कट्टी र दाखिला हुने व्यवस्था तर्फ कार्यालय तथा सम्वन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

३६.३. **उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट गराएको :**स्थानिक निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(१) च मा उपभोक्ता समितिले पाएको काम ठेकेदारबाट गराउन हुँदैन भन्ने व्यवस्था छ । त्यसै गरि १५५(१) मा बढी जटिल प्रविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्राविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक स्रोत पूँजीगत तर्फ तथा आरङखोला प्यूठान आँपचौर सडक निर्माण को लागि कुल लागत अनुमान रु ५,८५,५७६।९० मध्ये श्रमदान रु १,००,२७६।९० र जि.वि.स ले रु ४,८५,०००।- बेहोर्ने गरि उपभोक्ता समिति सँग मिति २०७०।१।३१ मा सम्झौता गरि प्राविधिक मूल्यांकन रु ५,८०,३२३।- भई उपभोक्ता समितिलाई रु ४,८०,८९४।- भुक्तानी गरेकोमा उक्त कार्य उपभोक्ता समुहबाट नगराई फेमश निर्माण सेवा (क.द.नं. ३००८६६३३७) दाङबाट गराएको देखीयो । कार्यालयको लागत अनुमान र प्रविधिक मूल्यांकनमा उक्त बाटो मर्मत संम्भार गर्न (बाटो खन्ने र चौडा गर्ने) मेशिनबाट नभइ ज्यामीबाट गर्ने देखिन्छ । भुक्तानीका लागिी पेश भएको फेमश निर्माण सेवाको विजक नम्बर १०७ मिति २०७०।३।३०को विलमा बाटो मर्मत तथा संभार वापत मु.अ.कर समेत रु ४,८५,०००।- भुक्तानी दिएको र उपभोक्ताको निर्माणमा डोजर खर्च रु ४,८५,०००।- समेत रु ६,२१,०००।- भुक्तनी दिएको र उपभोक्ताको निर्णयमा डोजर खर्च रु ४,८५,०००।- समेत रु ६,२१,०००।- खर्च भएको देखिन्छ । उपभोक्ताले ज्यामी लगाएर गर्ने काम डोजर मार्फत गरेकोमा उक्त कार्यको कार्यालयबाट नियमित अनुगमन नहनु प्रमुख कारण देखिन्छ । मेशिनद्धारा गर्नु पर्ने भएमा कारण खोली विशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समिति सँग संयुक्त व्यवस्थापनमा गर्नु पर्ने देखिन्छ । आयकर ऐन २०५८ को दफा ८८ बमोजिम डोजर भाडा भुक्तानीमा १० प्रतिशत बहाल कर कट्टी गर्नु पर्नेमा सो समेत गरेको नदेखिएकोले अग्रिम आयकर रकम रु.४८,५००/-असुल हुनु पर्दछ ।

**कार्यालयको जवाफ :** योजनाको ल.ई. संशोधन गराई डोजरबाट कार्य गराएकोमा अब उप्रान्त दिएको सुझाव अनुसार कार्य गर्नेतर्फ पहल गरिने र बेरुजु असुलको लागि कारबाही भइरहेको कार्यालयको जवाफ रहेको छ ।

३७. **<u>आन्तरिक आय :</u>**

**आय ठेक्का तर्फ वक्यौता असुली :** स्थानीयस्वायत्त शासन ऐन, २०५५ को परिच्छेद–६ अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने व्यवस्था छ । ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बांकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट गत विगत वर्ष देखिको असुल गर्नुपर्ने बक्यौता रकम लेखापरीक्षण क्रममा माग गरिएकोमा पेश भएन ।

**कार्यालयको जवाफ :** यस सम्बन्धमा कार्यालयको कुनै जवाफ प्राप्त भएको छैन ।

३८. स्थानीय स्वायत्त शासन ऐन २०५५ को परिच्छेद ६ अनुसार जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदी उठाउन सक्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ मा स्थानीय निकाय को सम्बन्धित परिषदले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सम्बन्धित स्थानीय निकायले एक आर्थिक वर्षका लागी ठेक्का बन्दोबस्त गर्न सक्ने र नियम (३) मा स्थानीय निकायले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगावै नै ठेक्का बन्देबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरी सक्नु पर्ने व्यवस्था र उपनियम (४) मा ठेक्का वन्दोबस्त गर्दा अपनाउनु पर्ने कार्यविधि उल्लेख गरेको छ । समितिले यस वर्ष जिल्लामा उत्पादन भई निकासी हुने मालवस्तुको निकासी कर कोइला निकासी कोइला आन्तरिक विक्रि तथा जिल्ला भित्रका नदी तथा खानीबाट निकाल्ने ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदिमा कर असुल गर्न आर्थिक वर्ष २०६९।७० का लागी मिति २०६९।२।२१ मा यूगवोध राष्ट्रिय दैनिकमा १० लाख भन्दा बढिको ठेक्कामा ३० दिनको १० लाख घटिको ठेक्कामा १५ दिनको म्याद दिई न्यूनतम ठेक्का अंक राखी प्रकाशित सुचना अनुसार स्वीकृत गरेको ठेक्का व्यवस्था र असुली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

३८.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) मा बढाबढ गर्दा पनि स्थानीय निकायले तोके बमोजिमको न्यूनतम अंक कवोल हुन नआएमा स्थानीय स्तरको सम्बन्धित राजस्व पराशर्म समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिने व्यवस्था छ । हासीपुर गाविस देखी हापुर खोला सम्मको आन्तरिक ढुङ्गा गिटि बालुवा विक्रीको शुरुको न्यूनतम ठेक्का अंक

रु १५ लाख राखी २०६९।२।२१ मा सुचना प्रकाशित गरेकोमा कार्यालयले ३ पटक सुचना प्रकाशित गर्दा पनि वोलपत्र नपरेको भनी मिति २०६९।१०।१९ मा शुरुको नियम १६७ (४) 'क' बमोजिम प्रक्षेपण भएको न्यूनतम ठेक अंक संशोधन गरी सूचनामा न्यूनतम ठेक्का अंक रु १५,००,०००।- बाट घटाई रु ६,२५,०००।- कायम गरी बोलपत्र आव्हान गरेको र उक्त ठेक्काको सबभन्दा बढी आकर्ष निमार्ण सेवाले रु ६,२६,७७७।- सकार गरी शुरुको न्यूनतम अंक भन्दा रु ८,७३,२२३।- घटी आय भएको देखीयो । कार्यालयले पटक पटक सूचना प्रकाशित गर्दा पनि न्यूनतम अंकमा ठेक्का नलाग्दा आन्तरिक आय नघट्ने गरि आवश्यक व्यवस्था गर्नपर्ने हुन्छ । कार्यालयले ठेक्का समय अवधी घटी भएको ले राजस्व परामर्श समितिबाट निर्णय गराई घटाएको जनाएको छ । ठेक्का अवधी घटेको अवस्थामा बोलपत्र दाताले उठाउन पाउने अधिकतम परिमाण र नियन्त्रण विधि नतोकी ठेक्का लगाउँदा बोलपत्र दाताले वर्ष भरि निकाल्न मिल्ने प्राकृतिक स्रोत थोरै समयमा पनि निकाल्न सक्ने हुन्छ । परिमाण नियन्त्रण नगरी समयको आधारमा ठेक्का अंक घटाउँदा छोटो समयमा पनि धरै परिमाण निस्काशन भई आन्तरिक आयमा कमि हुन जान्छ । कार्यालयले न्यूनतम अंक नघट्ने गरि ठेक्का व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्ने साथै ठेक्का अंक घटाएको रु .८,७३,२२३।- नियमति देखिदैन ।

**कार्यालयको जवाफ :** आ.व. २०६९/७० सम्म ढुंगा, गिट्टी, बालुवा संकलनको लागि परिमाणको आधारमा नभई समयको आधारमा नै ठेक्का बन्दोवस्त गर्ने गरिएको र IEE प्रतिवेदनमा पनि संकलन गर्ने परिमाण उल्लेख नभएको हुँदा समयलाई नै अर्थात् एक आ.व.लाई आधार मानी ठेक्का वन्दोवस्त गर्ने गरिएको र पटक पटक सूचना प्रकाशित गर्दा पनि न्यूनतमा कबोल अंक कसैले सकार नगरेको हुँदा स्थानीय निकाय आ.प्र.नियमावली अनुसार राजश्व परामर्श समितिको सिफारिसमा न्यूनतम अंक कायम गरी ठेक्का बन्दोबस्त गरिएको हो र पटक पटक सूचना प्रकाशित गर्दा पनि ठेक्का नलागेको अवस्थामा कार्यालयले पहल गरी रु. ६,२६,७७७– मा ठेक्का लगाई आन्तरिक आय वृद्धि बढाएको कार्यालयको जवाफ रहेको छ ।

३८.२. मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा विक्री गर्दा कर असुल गर्नु पर्न ब्यवस्था छ । त्यसैगरि ऐनको दफा ५ (क) मा अनुसुचि १ मा उल्लेखित वस्तु वा सेवाहरुको कारोवार वाहेक नेपाल राज्य भित्र आपूर्ति भएका वस्तु वा सेवामा मुल्य अभिबृद्धि कर लाग्ने र दफा १२ मा नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्तिकर्ताले प्रापक सँग लिएको मूल्यमा समेत कर लाग्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न कर लाग्ने वस्तु वा सेवा विक्रि गर्दा ऐन अनुसार मु.अ.कर समेत थप गरि असुल गर्नु पर्नेमा असुल गरेको देखिएन । कार्यालयले निम्न ठेक्का सकारकर्ता सँग ठेक्का अंक रु १७७९५५६३।- को संम्झौता गरेकोमा संम्झौता तथा सूचनामा समेत मू.अ. कर असुल गरिने व्यहोरा उल्लेख गरेको देखिएन । मू.अ.कर लाग्ने वस्तु विक्रि गर्दा आव्हान गर्ने बोलपत्र सुचनामा मू.अ. कर सम्वन्धमा उल्लेख नगरेबाट संम्झौतामा समेत उक्त कर उठाइने व्यवस्था छुट भएको देखिन्छ । कार्यालयले सम्झौतामा नियमानुसार लाग्ने कर ठेक्दार स्वयंले बेहोर्ने उल्लेख गरिएकोले कर असुल नगरेको जनाएको छ । संम्झौता अनुसार लाग्ने मु.अ.कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा सकार रकम रु १७३७७४८५।- (१० प्रतिशत छुट गरी) को १३ प्रतिशत ले हुने रु २२५९०७३।- असुल गरी राजस्व दाखीला हुनु पर्दछ ।

| सि.नं | सकारकर्ता | सकार रकम | १० प्रतिशत छुट समेत असुल रकम | म.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिमालयन ट्रेर्ड | २०१००००/- | २०१००००/- | २६१३००/- | ढुङा गिटि बालुवा जिल्ला निकासी ठेक्का |
| २ | हिमालयन ट्रेर्ड | ३७२५०००/- | ३३५२५००/- | ४३५८२५/- | जिल्ला उत्पादित वस्तु निकासी ठेक्का |
| ३ | आर्कषण निर्माण सेवा | ६२६७७७/- | ६२६७७७- | ८१४८१/- | हाँसिपुर गाविस देखि हापुर खोला सम्मको ढुङा गिटि बालुवा विक्रि ठेक्का |
| ४ | आर्कषण निर्माण सेवा | ४५५७०००/- | ४५५७०००/- | ५९२४१०/- | देउखुरी उपत्यका ढुङा गिटि बालुवा ठेक्का |
| ५ | शारदा निर्माण सेवा | ६४२१०००/- | ६४२१०००/- | ८३४७३०/- | हापुर खोला पश्चिम देखि दाङ जिल्ला सिमाना ढुङा गिटि बालुवा ठेक्का |
| ६ | शाहजादे हलवाई | ४५५७८६/- | ४१०२०८/- | ५३३२७/- | कोइला जिल्ला निकासि ठेक्का |
| | **जम्मा** | **१७७९५५६३/-** | **१७३७७४८५/-** | **२२५९०७३/-** | |

**कार्यालयको जवाफ :** मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा विक्री गर्दा कर असुल गर्नु पर्न ब्यवस्था छ । त्यसैगरि ऐनको दफा ५ (क) मा अनुसुचि १ मा

उल्लेखित वस्तु वा सेवाहरुको कारोवार वाहेक नेपाल राज्य भित्र आपूर्ति भएका वस्तु वा सेवामा मुल्य अभिबृद्धि कर लाग्ने र दफा १२ मा नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्तिकर्ताले प्रापक सँग लिएको मूल्यमा समेत कर लाग्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न कर लाग्ने वस्तु वा सेवा विक्रि गर्दा ऐन अनुसार मु.अ.कर समेत थप गरि असुल गर्नु पर्नेमा असुल गरेको देखिएन । कार्यालयले निम्न ठेक्का सकारकर्ता सँग ठेक्का अंक रु १७७९५५६३।- को संम्झौता गरेकोमा संम्झौता तथा सूचनामा समेत मू.अ. कर असुल गरिने व्यहोरा उल्लेख गरेको देखिएन । मू.अ.कर लाग्ने वस्तु विक्रि गर्दा आव्हान गर्ने बोलपत्र सुचनामा मू.अ. कर सम्वन्धमा उल्लेख नगरेबाट संम्झौतामा समेत उक्त कर उठाइने व्यवस्था छुट भएको देखिन्छ । कार्यालयले सम्झौतामा नियमानुसार लाग्ने कर ठेक्दार स्वयंले बेहोर्ने उल्लेख गरिएकोले कर असुल नगरेको जनाएको छ । संम्झौता अनुसार लाग्ने मु.अ.कर दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा सकार रकम रु १७३७७४८५।- (१० प्रतिशत छुट गरी) को १३ प्रतिशत ले हुने रु २२५९०७३।- असुल गरी राजस्व दाखीला हुनु पर्दछ ।

**कार्यालयको जवाफ :** स्थानीय निकाय आ.प्र. नियमावली, को अनुसूची ७९ मा तोकिएको पट्टाको फारामको बुँदा नं. ५ र ६ मा नियमानुसार लाग्ने आयकर तथा मू.अ.कर सम्वन्धित पट्टावालाले नै बुझाउनु पर्ने व्यवस्था भएको र कार्यालयले पनि सोही अनुसार ठेकेदारसँग संझौता गरेको र आ.व. २०७०/७१ को ठेक्का संझौता गर्दा मु.अ.कर असूल गरिने कार्यालयको जवाफ रहेको छ । उक्त कर रकम कार्यालयलेनै असुल गरी दाखिला गर्नु पर्दछ ।

३९. कार्यालयले जिल्ला भित्रका नदी तथा खानीबाट निकाल्ने ढुङ्गा गिट्टी बालुवा निकासी ठेक्का व्यवस्था गर्नु पूर्व प्रत्येक नदी तथा खानीबाट ढुङ्गा गिट्टी, बालुवा निकाल्दा वातावरणिय प्रभाव मुल्यांकन गराई कुन नदीबाट वार्षिक कति परिमाण निकाल्न सकिन्छ सो यकिन गरी सो बमोजिम न्यूनतम ठेक्का अंक गणना गरि साहि अनुसार लाग्ने ठेक्का संम्झौतामा बातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदनले तोके बमोजिमको परिमाण मात्र निकाल्न पाउने गरि अधिकतम परिमाण तोकी ठेक्का बन्दोबस्त गर्नु पर्दछ । कार्यालयले यस वर्ष न्यूनतम अंक निर्धारण गर्दा IEE प्रतिवेदनले तोकेको अधिकतम परिमाण उल्लेख नगरी कार्यदेश दिँदा जथाभावीरुपमा ठूलो परिमाण्मा खानीजन्य पदार्थ निकाल्न सक्ने अवस्था हुनुका साथै बातावरणमा समेत नकारात्मक प्रभाव पर्न जाने हुदाँ बढी निकाल्न नपाउने गरि ठेक्का लगाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

**कार्यालयको जवाफ** : यस सम्बन्धमा कार्यालयको कुनै जवाफ प्राप्त भएको छैन ।

## केन्द्रतर्फ

४०. **अख्तियारी तथा निकासा :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी आर्थिक वर्ष सुरु भएको १५ दिन भित्र प्रदान गरि सक्नु पर्ने व्यवस्था छ । स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३९ (१३) मा नेपाल सरकारका केन्द्रिय निकायबाट स्थानीयनिकायले चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरि चैत्र मसान्त पछि कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाको नाममा अख्तियारी वा कुनै प्रकारको बजेट पठाइने छैन भन्ने व्यवस्था छ । यस वर्ष कार्यालयलाई बजेट उपशिर्षक नंम्बर ३६५०१५३ मा मिति २०७०।३।११ मा थप अख्तियारी प्राप्त भएको देखीयो । अर्थिक वर्षको अन्तयमा अख्तियारी दिई खर्च गर्दा लक्षित कार्यक्रम उद्देश्य अनुरुप खर्च नभई बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र निकाशा तथा खर्च हुने सम्भावना रहने हुँदा यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

**कार्यालयको जवाफ** : यस सम्बन्धमा कार्यालयको कुनै जवाफ प्राप्त भएको छैन ।

४१. **पेश्की सम्वन्धमा :** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२ (१) मा पेश्की लिनु पर्दा कुन कामको लागि के कती रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १९२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १९५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शिर्षकका कार्यक्रमहरुबाट पेश्की दिएको पाईयो । आर्थिक वर्षको अन्त्य सम्ममा

फछ्र्यौट नभई बांकी रहेको केन्द्रतर्फको पेश्कीको विवरण अनुसूची–३ मा संलग्न छ ।

ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्फौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्यौट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की गत वर्षको बाँकी रु. ३९५२२६२८।- र यस वर्षको थप रु ४८४२४३००।- समेत नियमानुसार फछ्र्योट हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** पेश्की फछ्र्यौटका लागि आवश्यक कारवाही गरेको कार्यालयको जवाफ रहेको छ ।

४२. **हेभि मेसिन प्रयोग :** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५क) मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपानाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ भन्ने व्यवस्था छ । यसैगरि नियम १५५ (५) मा उपभोक्ता समितिले पाएको काम ठेकेदारवाट गराउनु हुदैन भन्ने उल्लेख छ । विभिन्न बजेट उपशीर्षक अन्तर्गत यो बर्ष संचालित मध्ये नमुना छनौटको रुपमा परीक्षण गरेका विभिन्न सडक योजनाहरु संचालन गर्न हेभी मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी हेभी मेशिन ( स्काभेटर, डोजर) प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गरे गराएको पाइयो । नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट हुने काम हेभी मेशिन प्रयोग गरी कार्य गराएबाट स्थानीयश्रोत साधन र श्रमशक्तिको उपयोग गरी ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने तथा वातावरणमैत्री निर्माण कार्य गरी विकासका अवरोधहरुलाई न्यूनीकरण गर्ने कार्यमा वाञ्छित उपलब्धी हासिल नहुने अवस्था छ । तसर्थ नियममा व्यवस्था भए वमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभी मेशिनको प्रयोगलाई निरुत्साहीत गरी वातावरण र रोजगारमैत्री निर्माण कार्य अगाडी बढाउनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

४३. **म्याचिङ्गको अंश देखिनुपर्ने:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको दफा ९ मा जिल्ला विकास समितिले आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी गैरसरकारी निजी क्षेत्र विकास साझेदार संस्था सँग भएको संम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न आयोजनागत रुपमा विवरण तयार गरी समपुरक कोष मा आवश्यक रकम छुट्ाई साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयोजनाहरु योजना तर्जुमा प्रकृयाको प्रारम्भिक चरण देखी सहभागिता मुलक प्रकृयाबाट स्थानीय निकायको योजनामा समावेश गरी गर्नु पर्ने व्यवस्था छ । जनसहभागितामा आधारित विकास कार्यक्रम अन्तर्गत संञ्चालित हरिद्वार डिपबोरिङ्ग खानेपानी योजनाको शुरु लागत इस्टिमेट रु १८,५४,८७२।४७ मिति २९६९।१२।५ मा स्वीकृत भएकोमा पुन घोराही नगरपालिकाको स्रोत रु. ६,३२,९७६।२४ समेत देखिने गरि कुल रु २४८७८४८।२४ को लागत अनुमान तयार गरि जिल्ला विकास समिति दाङतर्फको बजेटको लागत अनुमान १८,९९,८७२।- मध्ये कन्टेन्जेन्सी रु ४५,०००।- घटाइ बाँकी रु १४,५५,०००।- कार्यालयले भुक्तानी गर्ने गरि मिति २०६९।१२।२९ मा उपभोक्ता समिति सँग सम्झौता भएको देखिन्छ । पेश भएको प्राविधिक मूल्याङ्कन तथा उपभोक्ता विलको आधारमा गो.भौ. नं. १०- २०७०।३।१३ बाट रु ७,००,०००।- गो.भौ.नं २९-२०७०।३।३० बाट रु ६,७५,३५०।- र गो.भौ.नं २९-२०७०/३/३० बाट रु ७९६५०।- गरि कार्यालयले पुरै सम्झौता रकम रु १४,५५,०००।- भुक्तानी गरेकोमा उक्त आ.व को अन्त्य सम्ममा योजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकोमा २०७०।५।१९ गतेको घोराही नगरपालिकाको च.नं १९६३ को पत्रबट सिफरिस भई २०७०।३।२५ को मितिमा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार १८६८९४४।५७ को कार्य भएको देखिन्छ जसमा लागत इष्ट्रिमेट अनुसार जसमा घोराही नगरपालिकाको स्रोतबाट के कति कार्य भएको भन्ने देखिदैन । कार्यालयको पूर्व स्वीकृत लेखापरीक्षण कार्यक्रम बमोजिम मिति २०७०।५।२६ गते उक्त योजनाको स्थलगत अवलोकन गर्दा अझै निर्माण कार्य भैरहेको पाइयो । उपभोक्ता समितिले लागत अनुमानमा नरहेको कार्य पनि हाल जनश्रमदान बाट भैरहेको जनाएको छ । गत विगत आ.व २०६८।६९ मा उक्त योजनाको केहि कार्य शारदा निर्माण सेवा पिपलनेटा सल्यानले अंक रु २९,६९,२७६।४० मा गरेकोमा उक्त कार्य समेत देखिने

गरि एकमुष्ट नापि किताब नराखि यस वर्षको मात्र नापी किताब राखेको पाईयो ।

यसो हुनुमा योजनाको एकमुष्ट लागत अनुमान तयार गरि कुन कुन निकायबाट कति बजेट छुट्याइनुपर्ने हो सो को सुनिश्चितता नहुन प्रमुख कारण रहेको देखिन्छ ।

अतः योजनाको एकमुष्ट लागत अनुमान तयार नगरि पटके कार्य गर्दा तथा एउटा योजनाको एउटै नापी किताब नराख्दा विगतमा मूल्याङ्कन भैसकेको कार्यको समेत पन मूल्याङ्कन हुन सक्ने तथा एउटै कार्यको एक भन्दा बढि निकायमा समेत मुल्याङ्कन भई एउटै कार्यको दोहोरो भुक्तानी हुन सक्ने देखिएकाले यस्ता योजनाको एकमुष्ट लागत अनुमान तयार गरि उक्त आ.वमा गरिने कार्यको मात्र सम्झौता हुनुपर्ने र एकमुष्ट कार्यसम्पन्न प्रतिवेदन बनाइ कुन निकायबाट भएको भुक्तानिको कति कार्य भएको हो सो छुट्टीने गरि एकमुष्ट कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

४४. **अग्रिम आयकर कट्टीः** आयकर ऐन २०५८ को दफा ८९ (१) मा ठेक्का वा करार वापत लगातार दश दिन सम्मको भुक्तानीमा ५० हजार रुपैंया भन्दा बढीको रकम भुक्तानी गर्दा भुक्तानी भएको रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने ब्यवस्था छ । कार्यालयले निम्नानुसार गोश्वारा भौचर बाट ५० हजार भन्दा बढीको भुक्तानीमा कर कट्टी गर्दा घटी कट्टी गरेको देखिएकोले कर रकम असुल गरी रु. ४,६५१ राजस्व दाखीला हुन पर्दछ ।

| गो.भौ.नं/मिति | ब.उ.शी.नं | सप्लायर्स/आपूर्तक | भुक्तानी रकम (VAT बाहेक) | १.५ प्रतिशतले हुने आग्रिम आयकर |
|---|---|---|---|---|
| ३४-२०७०/३/३० | ३६५८०४३ | गोरखा हार्डवेयर एण्ड सप्लायर्स (३००५१८६५४) | १३२०३० | १६८८ |
| २८-२०७०/३/३० | ३६५८०८३ | बस्नेत हार्डवेयर (३०५४७६६४५) | ५१८५२ | ७७७ |
| २८-२०७०/३/३० | ३६५८०८३ | हिमाल आइरन एण्ड स्टील प्रा लि (३००३२९६९) | ४२१४२ | ६३१ |
| २८-२०७०/३/३० | ३६५८०८३ | हिमाल आइरन एण्ड स्टील प्रा लि (३००३२९६९) | ६५५५० | ९८३ |
| २७-२०७०/३/३० | ३६५८०८३ | न्यू रेग्मी इन्टरप्राइजेज (३०५२७८३६२) | १७५०८५ | ५७२ |
| **जम्मा** | | | | **४६५१/-** |

**कार्यालयको जवाफ :** बेरुजु असुल गर्ने कार्यतर्फ कारबाही भइरहेको कार्यालयको जवाफ रहेको छ ।

४५. **मू.अ. कर सम्बन्धमाः** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । निम्न भौचर र मितिवाट निम्न फर्महरुले कर विजक नम्वरमा केरमेट गरी सच्चाई अर्को विजक नम्बर लेखिएको र कर विजक नम्बर नभएको समेत देखीयो । कार्यालयबाट भुक्तानी लिएको कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा कर रकम रु. १३५२२३।– असुल हुनु पर्दछ ।

| गो.भौ.नं/मिति | ब.उ.शी.नं | भुक्तानी फर्म | बिल रकम | मू.अ.क. रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३०-२०७०/३/३० | ३६५८०४३ | न्यू गौरी शंकर हार्डवेयर(३०५२७८९६०) | ६६१५१/- | ८६०० | केरमेट गरेको |
| ३०-२०७०/३/३० | ३६५८०४३ | न्यू गौरी शंकर हार्डवेयर(३०५२७८९६०) | ३२८५९६/- | ४२७१७ | केरमेट गरेको |
| ३४-२०७०/३/३० | ३६५८०४३ | न्यू वस्नेत हार्डवेयर (३०१७२७४२८) | ६२२१/०४ | ८०९ | केरमेट गरेको |
| १५-२०७०/३/१३ | ३६५८०८३ | न्यू वस्नेत हार्डवेयर (३०१७२७४२८) | १३०६७९ | १६९८८ | केरमेट गरेको |
| २८-२०७०/३/१३ | ३६५८०८३ | न्यू वस्नेत हार्डवेयर (३०१७२७४२८) | ५१८४२ | ६७३९ | केरमेट गरेको |
| ३६५८०१३ | १७५-२०७०/३/२७ | ज्योती सप्लायर्स (३०४४३३२७८) | ३५३५५० | ४५९६१ | केरमेट गरेको |
| ३६५८३६३ | ११-२०७०/३/८ | न्यू वस्नेत हार्डवेयर (३०१७२७४२८) | ८८६५० | ११५२४ | केरमेट गरेको |
| कन्टिन्जेन्सी | ८८-२०७०/३/३० | स्वर्गद्धारी संचार केन्द्र (३००४२०२४८) | १४५००/- | १८८५/- | केरमेट गरेको |
| **जम्मा** | | | | **१,३५,२२३/-** | |

मूल्य अभिबृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु र भुक्तानी दिनेले पनि सही रुपमा कर बिजक एकीन नगरी भुक्तानी दिनु यसका कारण रहेका छन् । जसले गर्दा उक्त कर बिजक पेश गर्ने फर्म मु.अ.करमा दर्ता

भएको भन्ने आधार एकीन हुन सकेन र उसले लिएको मू.अ.कर सरकारी कोषमा जम्मा भएको छ भन्ने आधार समेत किटान गर्न सकिएन । अतः मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश हुनुपर्दछ ।

**कार्यालयको जवाफ :** यस सम्वन्धमा कारबाही भइरहको कार्यालयको जवाफ रहेको छ ।

४६. **यूनिसेफातर्फ :** यस वर्ष जिल्ला विकास समितिलाई डाफ्ट मार्फत यूनिसेफ बाट निम्नानुसार रकम प्राप्त भएकोमा रु ७५,१५,०२६।- खर्च भई बाँकी रकम यूनिसेफ क्षेत्रिय कार्यालय नेपालगन्ज फिर्ता गरेको देखीयो ।

| सि.नं | कार्यक्रम | निकाशा | खर्च | फिर्ता |
|---|---|---|---|---|
| १ | Policy Advocacy & Governance | ५५१२५००/- | ७५१५०२६ | ५३१५२३ |
| २ | Local Governance | २५३४०४९ | | |
| | **जम्मा** | ८०४६५४९ | ७५१५०२६ | ५३१५२३ |

४६.१. **लक्ष्य प्रगति :**

कार्यालयलाई विभिन्न क्रियाकलापका लागि बजेट वर्गिकरण गरि पहिलो र दोस्रो चौमासिक रुपमा रकम प्राप्त भएकोमा बजेट वर्गिकरण अनुसारको लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट वर्गिकरण अनुसारको प्रगति नहुँदा कुन क्रियाकलाप सम्पन्न भयो र कुन सम्पन्न भएन भनी एकिन गर्न सक्ने आधार भएन । प्रगति बेगर कार्यक्रमले लिएको लक्षित नतिजा पुरा भएको छ भन्न सकिदैन । कार्यक्रमको लक्ष्य र प्रगति देखिने गरि प्रगति विवरण तयार गर्नु पर्दछ ।

**कार्यालयको जवाफ :** आगामी आर्थिक बर्षदेखि सुझाव बमोजिम गरिने कार्यालयको जवाफ रहेको छ ।

४६.२. **स्वीकृत नर्म्स बेगर खर्च :**लक्षित कार्यक्रम अर्न्तत विभिन्न तालीम, बैठक, अभिमुखिकरण गोष्ठी, डाटा संकलन, र अनुगमन जस्ता क्रियाकलाप संचालन गरेकोमा सहभागीहरलाई दिने सहभागी भत्ता, प्रशिक्षक भत्ता सहजकर्ता भत्ता समन्वय भत्ता, स्टेशनरी, खाजा, भाडा तथा अनुगमन भत्ता भुक्तानी गर्दा नेपाल सरकार अर्थ मन्त्रालयले तोकेको स्वीकृत दरमा गर्नु पर्नेमा सो अनुसार खर्च गरेको देखिएन । दतृसंस्थाबाट प्राप्त बजेटबाट कार्यक्रम संचालन गर्दा एउटा दरमा र नेपाल सरकारको स्रोतबाट कार्यक्रम संचालन गर्दा छुट्टै दरमा भुक्तानी नगरी एकरुपता हुनु पर्ने र दातृ निकायको सहमतिमा छुट्टै दरमा भुक्तानी दिनुपर्ने भएमा सो दर समेत नेपाल सरकारबाट स्वीकृत गराउनुपर्ने देखिन्छ । यस वर्ष भुक्तानी दिएको दर निम्नानुसार छ ।

| सि.नं | विवरण | एकाई | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सहभागी दैनिक भत्ता | प्रति व्यक्ति / प्रतिदिन | ५००/- |
